# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) विराटनगर, नेपाल, भाद्र ३० गते, २०८२ साल (अतिरिक्ताङ्क १७

## भाग १

कोशी प्रदेश सरकार

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८२ सालको ऐन नं. ८

## कोशी प्रदेश वन ऐन, २०७७ लाई संशोधन गर्न बनेको ऐन

<u>प्रस्तावनाः</u> कोशी प्रदेश प्रदेश वन ऐन, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम **"कोशी प्रदेश वन (पहिलो संशोधन) ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>कोशी प्रदेश प्रदेश वन ऐन, २०७७ को दफा २ मा संशोधन</u>** <u>:</u> कोशी प्रदेश वन ऐन, २०७७ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ह) पछि देहायको खण्ड (ह१) थप गरिएको छः-

"(१ह) **विशेष वनक्षेत्र"** भन्नाले परम्परागत रुपमा वनको प्रयोग गर्दै आएका उपभोक्ताहरुको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्दै उपभोक्ताहरुबाटै व्यवस्थापन गर्ने गरी प्रदेश सरकारले यस ऐन बमोजिम घोषणा गरी व्यवस्थापन गरिने विशेष महत्वको वनक्षेत्र सम्झनुपर्छ।"

(२) खण्ड (श) मा रहेको "कबुलियती वन" भन्ने शब्दहरू पछि "विशेष वनक्षेत्र" भन्ने शब्दहरू थपिएका छन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

३. <u>मूल ऐनको दफा १० मा संशोधनः</u> मूल ऐनको दफा १० को उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

" (६) यस दफा बमोजिम राष्ट्रिय तथा प्रादेशिक वन व्यवस्थापन गर्दा डिभिजनल वन अधिकृतले उपदफा (४) बमोजिम पेस गरेको आफ्नो क्षेत्रको प्रदेशभित्रको राष्ट्रिय वनको आवधिक योजना सहितको रणनीतिक योजना सम्बन्धित निर्देशनालयको सिफारिसमा मन्त्रालयले स्वीकृत गरी सोही अनुसार व्यवस्थित गरिनेछ।"

४. <u>मूल ऐनको दफा १७ उपदफा (१) मा संशोधनः</u> मूल ऐनको दफा १७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ।

"(१ (वन व्यवस्थापन गरिने क्षेत्रभन्दा बाहिर वा प्रदेशको क्षेत्राधिकारभित्र अन्य कुनै स्थानमा सुकेका, हाँगा भाँचिएका, कुनै एकतर्फ नुहिएर रहेका रुख नहटाईमा मानवीय तथा भौतिक संरचनामा क्षति पुग्ने अवस्था उत्पन्न हुने देखिएमा डिभिजनल वन अधिकृतले तोकिए बमोजिम हटाउन आदेश दिई सोको जानकारी निर्देशक वा एक तह माथिको अधिकारीलाई दिनु पर्नेछ।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

५. मूल ऐनमा परिच्छेद ४ मा "परिच्छेद ४क." थपः मूल ऐनको "परिच्छेद ४" पछि देहायको "परिच्छेद ४क." थप गरिएको छः-

"परिच्छेद-४क.

विशेष वनक्षेत्र सम्बन्धी व्यवस्था

१९क. विशेष वनक्षेत्रको घोषणाः (१) देहायका कुनै वा सबै विशेषता भएको प्रदेशभित्रको राष्ट्रिय वन वा सोको कुनै भागलाई तोकिए बमोजिमका आधार र प्रकृया पुरा गरी मन्त्रालयले विशेष वनक्षेत्रको घोषणा गर्न सिफारिस गरेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो प्रदेशभित्रको राष्ट्रिय वनलाई विशेष वनक्षेत्रको रुपमा घोषणा गर्न सक्नेछः -

(क) वातावरणीय तथा पारिस्थितिकीय महत्त्वको क्षेत्र,

(ख) ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक महत्त्वको क्षेत्र,

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वको सिमसार सहितको पानीमुहान तथा संवेदनशील जलाधार क्षेत्र,

(घ) दुर्लभ तथा लोपोन्मुख अवस्थामा रहेका वनस्पति, वन्यजन्तु तथा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

जैविक विविधताको संरक्षण र व्यवस्थापन गर्न आवश्यक रहेको क्षेत्र,

(ङ) पर्यापर्यटकीय महत्त्वको क्षेत्र,

(च) परम्परादेखि खर्क वा चरनको रुपमा प्रयोग भएको क्षेत्र,

(छ) अध्ययन र अनुसन्धानका लागि महत्त्वको क्षेत्र।

(२) उपदफा (१) बमोजिम घोषणा भएको विशेष वनक्षेत्र व्यवस्थापनका लागि स्थानीय उपभोक्तालाई प्राथमिकता दिई समावेशी सिद्धान्तका आधारमा एक व्यवस्थापन परिषद् रहनेछ र त्यस्तो व्यवस्थापन परिषद्को गठन, काम, कर्तब्य र अधिकार तथा अन्यस शर्तहरू तोकिए बमोजिम हुनेछ।

(३) यस दफा बमोजिम घोषणा भएको विशेष वनक्षेत्र व्यवस्थापनका लागि आवश्यक भएमा छुट्टै कोष रहनेछ। कोषमा जम्मा हुने रकम तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) विशेष वनक्षेत्र सम्बन्धी नियमन तथा अन्य यस्तै विषयका लागि मन्त्रालयले आवश्यकता अनुसार कार्यविधि वा निर्देशिका वनाउन सक्नेछ।"

६. <u>मूल ऐनको दफा ६५ मा संशोधनः</u> मूल ऐनको दफा ६५ को,-

(१) उपदफा (१) मा रहेको “निकायले” भन्ने शब्दपछि “वा अन्य कुनै व्यापार वा व्यवसायजन्य संस्था वा व्यक्तिले” भन्ने शब्दहरु थप गरिएका छन्।

(२) उपदफा (२) मा रहेको “हकमा” भन्ने शब्द पछि रहेका “ऐन प्रारम्भ भएको मितिले तीन महिना भित्रमा भन्ने शब्दहरूको सट्टा” तोकिएको समय भित्रमा भन्ने शब्दहरू राखिएका छन्।

७. <u>मूल ऐनको दफा ६७ मा संशोधनः</u> मूल ऐनको दफा ६७ को सट्टा देहायको दफा ६७ राखिएको छः-

"६७ .<u>वनक्षेत्रभित्र फोहोर फाल्न प्रतिवन्धः</u> वन क्षेत्रभित्र कसैले पनि प्लाष्टिकजन्य फोहोर वा अन्य कुनै प्रकारको फोहोर फाल्न वा विसर्जन गर्न हुँदैन। फोहोर फाल्ने वा विसर्जन गर्ने कार्य गरे गराएमा प्रचलित कानून बमोजिम कसूर गरेको मानिने छ।"

८. <u>मूल ऐनको दफा ६८ मा संशोधनः</u> मूल ऐनको दफा ६८ को व्यवस्थालाई उपदफा (१) कायम गरी देहायको उपदफा (२) थपिएको छः-

“(२) उपदफा (१) का अतिरिक्त कसैले यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक देहायका कार्य गरे वा गराएमा वा सोको उद्योग गरेमा कसूर गरेको मानिनेछः-

(क) दफा ६७ बमोजिमको कसूर गरेमा,

(ख) पर्यापर्यटनको कार्यक्रम संचालन गर्दा वा मन्त्रालयको स्वीकृति लिई वन क्षेत्रमा अध्ययन अनुसन्धान गर्दा प्राकृतिक स्वरुप, रुख विरुवा र वन्यजन्तुलाई प्रतिकूल प्रभाव पारेमा,

(ग) साझेदारीमा जडीबुटी खेती गर्दा सम्झौतामा उल्लेख गरे बमोजिमको रुख रोप्ने र हुर्काउने कार्य नगरेमा,

(घ) कुनै धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पिएको धार्मिक वन वा वनको कुनै भाग पुनः अर्को धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पिएमा,

(ङ) उपभोक्ता समूहले तोकिएको अवधिमा वार्षिक प्रतिवेदन सम्बन्धित निकायलाई नबुझाएमा,

आन्तरिक मामिला तथा कानून मन्त्रालय,

(च) अधिकार प्राप्त अधिकारीको अनुमति नलिई चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गरेमा,

(छ) मन्त्रालयको अनुमति नलिई कुनै पनि विदेशी नागरिकले वन क्षेत्रलाई अध्ययन अनुसन्धानको लागि प्रयोग गरेमा,

(ज) निर्देशनालयको स्वीकृति नलिई वनक्षेत्रभित्र प्रचारप्रसार सामग्रीको प्रयोग गरेमा,

(झ) वनक्षेत्रभित्र तोकिए भन्दा बढी गतिमा सवारी साधन चलाएमा,

(ञ) संघीय वन ऐन र सो अन्तर्गत बन्ने नियममा तोकिए बाहेक यस ऐन र यस ऐन अन्तर्गत बनेका नियमको विपरित अन्य कुनै कार्य गरेमा।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय, मधेश प्रदेश

९. <u>मूल ऐनको दफा ६९ मा संशोधनः</u> मूल ऐनको दफा ६९ को व्यवस्थालाई उपदफा (१) कायम गरी देहायको उपदफा (२), (३) र (४) थपिएका छन्ः-

"(२) दफा ६८ को उपदफा (२) बमोजिम कसूर गर्नेलाई कसूरको प्रकृति तथा मात्रा अनुसार निर्देशक वा डिभिजनल वन अधिकृत वा निजले अख्तियारी दिएको वन

अधिकृतले बढीमा पचास हजार रुपैयाँसम्म जरिबाना तिर्न आदेश दिन सक्नेछ।

(३) ऐनमा अन्यथा लेखिएकोमा बाहेक यस दफा बमोजिम कसूरको जाँचबुझ, अनुसन्धान, तहकिकात, अभियोजन गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि पूरा गर्नु पर्नेछ ।

(४) ऐन वा यस दफा बमोजिम जरिबानना गरिए बापतको रकम सम्बन्धित डिभिजन वन कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

१०. <u>मूल ऐनमा दफा ८२क. थपः</u> मूल ऐनको दफा ८२ पछि देहायको दफा ८२क. थप गरिएको छः-

क८२". <u>शुल्क ,दस्तुर तथा जरिवाना सम्बन्धी व्यवस्थाः</u>

(१)यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले तोकिए अनुसार शुल्क तथा दस्तुर कायम गर्न सक्नेछ।"

११. <u>मूल ऐनको दफा ९२ मा संशोधनः</u> मूल ऐनको दफा ९२ को सट्टा देहायको दफा ९२ राखिएको छः-

"९२.<u>अधिकार प्रत्यायोजनः</u> यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आफू मातहतको कुनै निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सकिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

तर त्यसरी अधिकार प्रत्यायोजन गर्दा कम्तीमा सातौं तह वा सो भन्दा माथिल्लो तहको वन सेवाको अधिकृतस्तरको कर्मचारीलाई मात्र अधिकार प्रत्यायोजन गर्नु पर्नेछ। "

१२. <u>रुपान्तरः</u> मूल ऐनको ऐनको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरू राखी रुपान्तर गरिएको छः-

१. "सहायक वन अधिकृत" भन्ने शब्दहरूको सट्टा "वन अधिकृत"।

२. "अधिकृतस्तर वा अधिकृतस्तर छैटौं" भन्ने शब्दहरुको सट्टा "कम्तीमा अधिकृतस्तर सातौं"।

३. "कोशी प्रदेश प्रदेश" भन्ने शब्दहरूको सट्टा "कोशी प्रदेश"।

प्रमाणीकरण मितिः- २०८२/०५/३०

आज्ञाले,
राम प्रसाद आचार्य
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- moial.koshi.gov.np**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश